# भारतीय राजदूतावास काठमाडौं

सत्यमेव जयते

समाचार पत्र
जुलाई २०२५

## द्विपक्षीय आदानप्रदानहरू



### भारत र नेपालबीच गृह सचिवस्तरीय वार्ता (मिति २०८२ श्रावण ६ गते)

भारत र नेपालबीच गृह सचिवस्तरीय वार्ता मिति २०८२ श्रावण ६ गते नयाँ दिल्लीमा सम्पन्न भएको थियो। भारतीय प्रतिनिधिमण्डलको नेतृत्व भारत सरकारका गृह सचिव श्री गोविन्द मोहनले गर्नुभएको थियो भने नेपाली प्रतिनिधिमण्डलको नेतृत्व नेपाल सरकारका गृह सचिव श्री गोकर्णमणि दुवाडीले गर्नुभएको थियो । दुवै पक्षले सीमा व्यवस्थापन र सुरक्षासँग सम्बन्धित विषयहरुको समीक्षा गर्नुका साथै यी विषयहरुमा द्विपक्षीय सहकार्य र समन्वयलाई अझ सुदृढ पार्न सहमत भए ।

**थप पढ्नुहोस्**



### हैदराबादस्थित एनआईआरडीपीआरमा नेपालको सुदूरपश्चिम प्रदेशका २७ सदस्यीय प्रतिनिधिमण्डलको प्रशिक्षण

मेयर, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतहरू सहित नेपालको सुदूरपश्चिम प्रदेशका दार्चुला, बैतडी र डडेल्धुरा जिल्लाका कार्यकारी अधिकृतहरूको २७ सदस्यीय प्रतिनिधिमण्डलले हैदराबादस्थित राष्ट्रिय ग्रामीण विकास एवम् पंचायती राज संस्थान (एनआईआरडीपीआर) मा मिति २०८२ असार ३० गतेदेखि शहरी शासन सम्बन्धी १० दिने कस्टमाइज्ड अन्तर्राष्ट्रिय प्रशिक्षण कार्यक्रममा सहभागीता जनाएको थियो । प्रशिक्षण कार्यक्रममा कृषि, दिगो विकास र शासन जस्ता क्षेत्रहरू समेटिएका थिए ।

**थप पढ्नुहोस्**




### नयाँ दिल्लीमा भारत-नेपाल सीमा कार्यदलको सातौं बैठक (मिति २०८२ श्रावण १२-१३)

भारत-नेपाल सीमा कार्यदलको सातौं बैठक मिति २०८२ श्रावण १२-१३ गतेसम्म भारतको नयाँ दिल्लीमा सम्पन्न भयो। भारतीय प्रतिनिधिमण्डलको नेतृत्व भारतका महासर्वेक्षक श्री हितेश कुमार एस. मकवानाले गर्नुभएको थियो भने नेपाली प्रतिनिधिमण्डलको नेतृत्व नेपाल सरकारको नापी विभागका महानिर्देशक श्री प्रकाश जोशीले गर्नुभएको थियो।

**थप पढ्नुहोस्**

## विकास साझेदारी



### भोजपुरको अरुणगाउँपालिका वडा नं. ३ मा अरुण बहुउद्देश्यीय प्रतिष्ठान भवन निर्माणको शिलान्यास

भोजपुरस्थित अरुण गाउँपालिकामा अरुण बहुउद्देश्यीय प्रतिष्ठान भवनको निर्माण हेतु मिति २०८२ असार ३१ गते भारत र नेपालका प्रतिनिधिहरूले संयुक्त रूपमा शिलान्यास गरेका थिए । यो उच्च प्रभाव सामुदायिक विकास परियोजना भारत सरकारको आर्थिक सहयोग नेरु. ३.१८८ करोड लागतमा निर्माण हुँदैछ ।

**थप पढ्नुहोस्**



### शिक्षा तथा स्वास्थ्य क्षेत्रमा पाँचवटा उच्च प्रभाव सामुदायिक विकास परियोजनाको समझदारी पत्रमा हस्ताक्षर समारोह

भारत सरकारको अनुदान सहयोग अन्तर्गत शिक्षा र स्वास्थ्य क्षेत्रमा नेपालमा पाँचवटा उच्च प्रभाव सामुदायिक विकास परियोजनालाई अघि बढाउन काठमाडौंस्थित भारतीय राजदूतावास, नेपाल सरकार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय तथा नेपाल सरकारका परियोजना कार्यान्वयन निकायहरुबीच मिति २०८२ श्रावण ५ गते समझदारी पत्रमा हस्ताक्षर सम्पन्न भयो । यी परियोजनाहरुको लागत लगभग नेरु. ३९ करोड रहेको छ ।

**थप पढ्नुहोस्**

## सांस्कृतिक र जनता–जनताबीचको संलग्नता



### आषाढ पूर्णिमा उत्सव

आषाढ पूर्णिमाको पवित्र अवसरमा काठमाडौँस्थित भारतीय राजदूतावासले मिति २०८२ असार २६ गते नेपालभरका गुम्बाहरूका भिक्षुहरू र थेरवाद, महायान र वज्रयान परम्पराका प्रतिनिधिहरू सम्मिलित प्रार्थना समारोहको आयोजना गर्‍यो ।

**थप पढ्नुहोस्**



## प्रतिक्रिया र अन्तरक्रिया सत्र

हैदराबादको तेलंगानास्थित डा. एमसीआर एचआरडी इन्स्टिच्युटमा मिति २०८२ असार २-१४ गतेसम्म आयोजित "पत्रकारिता र जनसम्पर्क" कोर्षका आईटेक भूतपूर्व विद्यार्थीहरुका लागि काठमाडौँस्थित भारतीय राजदूतावासले मिति २०८२ असार २७ गते प्रतिक्रिया र अन्तरक्रिया सत्रको आयोजना गर्‍यो । उक्त प्रशिक्षणमा नेपालका २२ पत्रकारहरू साथै अन्य १३ देशका २७ पत्रकारहरूले भाग लिएका थिए ।

**थप पढ्नुहोस्**



## सामूहिक संगीत गायन - संगम जंक्शन

भारतीय राजदूतावास, काठमाडौंस्थित स्वामी विवेकानन्द सांस्कृतिक केन्द्रले मिति २०८२ असार २७ गते काठमाडौं विश्वविद्यालयको संगीत विभागसँगको सहकार्यमा नेपाल-भारत पुस्तकालयमा संगम जंक्शन नामक सामूहिक संगीत वाचनको आयोजना गर्‍यो । यस कार्यक्रमले  नेपालका प्रतिभाशाली युवा संगीतकारहरूलाई आफ्नो प्रतिभा प्रदर्शन गर्न एक मञ्च प्रदान गरेको थियो ।

**थप पढ्नुहोस्**

# खेलकुद



## काठमाडौंस्थित भारतीय राजदूतावासद्वारा भारतको भोपालमा नेपाली यू-१९ क्रिकेटरहरुका लागि एक महिने प्रशिक्षण हेतु सहजीकरण

काठमाडौंस्थित भारतीय राजदूतावासले सन् २०२५ जुनमा नेपाली युवाका लागि घोषणा गरेको राजदूत क्रिकेट फेलोशिपको एक हिस्सा अनुरूप नेपालका तीन आशालाग्दा अन्डर-१९ क्रिकेटरहरू श्री नरेन भट्ट, श्री साहिल पटेल र सुश्री पूजा महतोले भारतको भोपालस्थित एलबी शास्त्री क्रिकेटशालामा मिति २०८२ असार ३१ गतेदेखि श्रावण २९ गतेसम्म एक महिने लामो व्यावसायिक प्रशिक्षण कार्यक्रममा सहभागी भए ।

**थप पढ्नुहोस्**



## बेङ्गलुरुस्थित नेशनल क्रिकेट एकेडेमीमा प्रशिक्षण शिविर

भारत सरकारले आगामी आईसीसी टी-२० विश्वकप छनोटको तयारीका लागि मिति २०८२ श्रावण ४ देखि १९ गते सम्म बेङ्गलुरुस्थित अत्याधुनिक बीसीसीआई सेन्टर अफ एक्सिलेन्समा नेपाल पुरुष राष्ट्रिय क्रिकेट टोलीका लागि विशेष प्रशिक्षण शिविर आयोजना गरी सहयोग गर्‍यो ।

**थप पढ्नुहोस्**




## डुरान्ड कप २०२५ मा नेपाली सेनाको फुटबल टोली

भारतीय वायुसेनाले मिति २०८२ श्रावण ३ गते नेपाली सेनाको त्रिभुवन आर्मी फुटबल टिमलाई डुरान्ड कप २०२५ को १३४ औं संस्करणमा सहभागी हुन एयरलिफ्ट गरेको थियो ।

**थप पढ्नुहोस्**



## दिव्या देशमुख - २०२५ फिडे महिला विश्वकप विजेता

भारतीय चेसको एक ऐतिहासिक क्षणमा १९ वर्षीया सुश्री दिव्या देशमुखले मिति २०८२ श्रावण १२ गते फिडे महिला विश्वकप जितेर ग्रान्डमास्टर बनिन् ।

**थप पढ्नुहोस्**


## भारतमा भएका विकासहरू




### भारतका १२ “मराठा सैन्य परिदृश्य” युनेस्कोको विश्व सम्पदा स्थलहरूमा सूचीबद्ध

महाराष्ट्रमा भएको ११ वटा र तमिलनाडुमा भएको एउटा गरी १२ वटा “भारतका मराठा सैन्य परिदृश्यहरू” मिति २०८२ असार २७ गते युनेस्कोको विश्व सम्पदा स्थलहरूको सूचीमा अंकित गरिएको थियो। यससँगै कुल ४४ वटा भारतीय सम्पदा स्थल र सम्पत्तिहरू अब युनेस्कोको विश्व सम्पदा स्थलहरूको सूचीमा छन्।

**थप पढ्नुहोस्**




### यूपीआई (एकीकृत भुक्तानी इन्टरफेस) विश्वको नम्बर १ रियल टाइम भुक्तानी प्रणाली बन्यो

भारतीय रिजर्व बैंक (आरबीआई) द्वारा सन् २०१६ मा सुरु गरिएको राष्ट्रिय भुक्तानी निगम (एनपीसीआई) द्वारा डिजाइन गरिएको एकीकृत भुक्तानी इन्टरफेस (यूपीआई) विश्वको अग्रणी रियल टाइम भुक्तानी प्रणालीको रूपमा देखा परेको छ जसले विश्वव्यापी रूपमा सबै डिजिटल भुक्तानीहरूको लगभग ५०% हिस्सा ओगटेको छ र हरेक दिन ६५ करोड भन्दा बढी कारोबारहरू भइरहेका छन्।

**थप पढ्नुहोस्**




### भारतद्वारा सन् २०३० मा स्वच्छ ऊर्जा लक्ष्य हासिल गर्ने राष्ट्रिय निर्धारित योगदान अन्तर्गतको लक्ष्य सन् २०२५ मा नै हासिल

भारतले निर्धारित समयभन्दा ५ वर्ष अगाडि नै गैर-जीवाश्म इन्धनबाट ५०% बिजुली उत्पादन गरी स्वच्छ ऊर्जामा ठूलो उपलब्धि हासिल गरेको छ। यसले छ वर्ष अगाडि नै २०% इथानोल मिश्रणमा र सन् २०२१ मा ४०% हरित ऊर्जाको हिस्सामा सफलता प्राप्त गरेको छ। कार्बन उत्सर्जन कम गर्ने विश्वव्यापी अगुवाको रूपमा उदाउँदै भारत पेरिस जलवायु लक्ष्यहरू पूरा गर्ने पहिलो जी-२० देश पनि बनेको छ।

**थप पढ्नुहोस्**